# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : १५/२०७८-७९** **मितिः २०७८/०९/०५**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.१७ मा थप :

**एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ मा अन्यन्त्र जुनसुकै विषय उल्लेख भएतापनि तपसिलमा उल्लिखित हार्मोनिक कोड भएका वस्तुहरु अनिवार्य रुपमा मार्जिन लिई देहायबमोजिमका शर्तहरु पालना हुने गरी प्रतीतपत्रमार्फत् मात्र आयात गर्न सकिने व्यवस्था गरिएको छ :**

**तपसिलः**

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिन प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | ०९०७ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| २. | १७ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| ३. | २२ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| ४. | २४ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन । |
| ५. | ३३०३ | १०० | |
| ६. | ३३०४ | १०० | |
| ७. | ३३०५ | १०० | |
| ८. | ४४ | १०० | |
| ९. | ६४ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्वःघोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |

| क्र.सं. | हार्मोनिक कोड (शुरुका अंक) | मार्जिन प्रतिशत | कैफियत |
|---|---|---|---|
| १०. | ६५ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्व:घोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| ११. | ६६ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्व:घोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| १२. | ६७ | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्बन्धमा आयातकर्ताबाट सोको स्व:घोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| १३. | ६८ | १०० | |
| १४. | ६९ | १०० | |
| १५. | ७०१० | १०० | उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन ।<br>औषधिजन्य प्रयोजनका लागि हुने आयातको हकमा लागू हुने छैन । यस सम्वन्धमा आयातकर्ताबाट सोको स्व:घोषणा अनिवार्य रुपमा लिनु पर्नेछ । |
| १६. | ७१०६ | १०० | |
| १७. | ८७०३ | ५० | शत् प्रतिशत विद्युतीयको हकमा लागू हुने छैन । |
| १८. | ८७११ | ५० | शत् प्रतिशत विद्युतीयको हकमा लागू हुने छैन । |
| १९. | ९४०३ | १०० | ९४०३.२०.१० र ९४०३.७०.१० का हकमा लागू हुने छैन ।<br>उद्योगहरुले आफ्नै प्रयोजनका लागि आफैंले आयात गर्ने कच्चा पदार्थको हकमा लागू हुने छैन । |
| २०. | ९५०४.४०.०० | १०० | |

**शर्तहरु:**

१) उल्लिखित मार्जिन रकम नगदका अतिरिक्त चल्ती/बचत/कल निक्षेप खाता खर्च (Debit) गरी वा भुक्तानीका माध्यम प्रयोग गरी समेत जम्मा गर्न सकिनेछ ।

२) मार्जिन रकममा ब्याज प्रदान गर्न पाइने छैन ।

३) मार्जिन रकम जम्मा गर्ने प्रयोजनका लागि कुनै पनि कर्जा प्रवाह (स्वेदशी मुद्रामा समेत) गर्न पाइने छैन ।

४) यस्तो मार्जिन रकम दफा १.१.५, १.३.२, १.४.१, १.४.२, १.७.१६ र १.११.१ मा उल्लिखित धरौटीको अतिरिक्त हुनेछ ।

५) उल्लिखित वस्तुहरु आयातका लागि अग्रिम भुक्तानी गर्न पाइने छैन ।

६) मार्जिन रकम प्रतीतपत्र खोल्दाकै अवस्थामा लिनु पर्नेछ र आयातको भुक्तानी गर्दा त्यस्तो मार्जिन रकम समेतलाई प्रयोग गर्न सकिनेछ ।

७) नेपाल सरकारका निकाय, कूटनीतिक नियोग र अस्पतालहरुले गर्ने आयातमा यो व्यवस्था लागू हुने छैन ।

भवदीय,

२०८०/०३/०५

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल वित्तीय संस्था संघ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग